# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

📞९८५८०६५१११

प.सं. : २०८०/०८१
च. नं. :

**रोजगार सहायक पदमा करारमा पदपूर्ति सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः२०८०/०७/१०**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) बाट स्वीकृत स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम यस कार्यालयमा रिक्त रहेको रोजगार सहायक पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध) दिन भित्र माग भए बमोजिम विवरण र तोकिएको राजस्व बुझाएको रसिद सहित यस नगरपालिकामा निवेदन पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २/२०८०/८१ | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ (एक) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्तिण गरेको ।

ख) दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

ग) आधारभूत कम्प्युटर सिप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको ।

२. दरखास्त दिने स्थान :- गुर्भाकोट नगर कार्यपालिकाको कार्यालय शुभाघाट, सुर्खेत ।

३. दरखास्त दिने अन्तिम मिति :- २०८०/०७/२४ गते सम्म । ( अन्तिम दिन सार्वजनिक बिदा परेमा दोस्रो दिन )

४. आवेदन दस्तुर : रु ५०० । ( पाँच सय मात्र )

५. छनौटको किसिम :, लिखित तथा प्रयोगात्मक परिक्षा ।

६. आवेदन साथ् संलग्न कागजातहरु : आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु

| | |
|---|---|
| क) नागरिकता | ख) न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र |
| ग) चारित्रिक प्रमाण पत्र | घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात |
| ङ) तालिमको प्रमाणपत्र | च) २ प्रति पासपोर्ट साइज फोटो |

७. सेवा सुविधा तथा अन्य : स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम हुनेछ ।

८. आवेदनको फारम र प्राविधिक सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी www.pmep.gov.np गुर्भाकोट नगर कार्यपालिकाको कार्यालय, शुभाघाट, सुर्खेतबाट प्राप्त गर्न सकिने छ ।

९. लिखित तथा प्रयोगात्मक परीक्षाः मिति २०८०/०८/१४ गते बिहिबार बिहान ठिक ११ बजे गुर्भाकोट नगरपालिकाको सभाहलमा ।

६/१०
चित्र बहादुर ढकाल
प्रशासकिय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखाःवेभसाईट र फेसबुकपेजमा अपलोड गरिदिनुहुन ।



CamScanner